बैठक नं. १०/२०८१/०८२

आज मिति २०८२ जेठ २० गते आइतबारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीको उपस्थितिमा बैठक बसी तपशील अनुसारका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | फोन नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | ९८५१०९९१५६ | |
| २ | श्री विपना कुलुङ | उपाध्यक्ष | ९८६९५७८६८६ | |
| ३ | श्री पर्खिधन राई | १ नं. वडा अध्यक्ष | ९८६२८५७४०१ | |
| ४ | श्री प्रदिप राई | २ नं. वडा अध्यक्ष | ९८६२७५९११० | |
| ५ | श्री दुर्गा बहादुर राई | ३ नं. वडा अध्यक्ष | ९८४२९९९३३४ | |
| ६ | श्री सरस्वती राई | ४ नं. वडा अध्यक्ष | ९८४२८१५१६३ | |
| ७ | श्री महलसिं राई | ५ नं. वडा अध्यक्ष | ९८४२९०४६६२ | |
| ८ | श्री सिद्धिमनि कुलुङ | कार्यपालिका सदस्य | ९८६२३१३८३५ | |
| ९ | श्री सितामाया वि.क. | कार्यपालिका सदस्य | ९७४९७१७६९३ | सिता वि क |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | ९७४२५६४३०७ | चस्मीता |
| ११ | श्री निर कुमारी कुलुङ | कार्यपालिका सदस्य | ९८४२८१९७१२ | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | ९८४४१५८७०० | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | ९८६०८८७७५० | |
| १४ | श्री खरिधन राई | प्र.प्र.अ. | ९८५२८२००३६ | |

बैठक नं. १०/२०८१/०८२

प्रस्ताव तथा निर्णयहरु

<table>
<tr><th>सि.नं.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१</td><td>वजेट कार्यतालिका निर्माण सम्बन्धमा</td><td>महाकुलुङ गाउँपालिकाले आगामी आर्थिक २०८२/८३ लागि वजेट तथा योजना निर्माणका सात चरण पुरा गर्नको लागि देहाय वमोजिमको वजेट तथा योजना निर्माण कार्यतालिका निर्माण गरी कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।
<table>
<tr><th>क्र.सं.</th><th>कार्य</th><th>कार्यान्वयन गर्ने निकाय/समिति</th><th>संयोजन</th><th>मिति</th></tr>
<tr><td>१</td><td>बजेटको पूर्व तयारी</td><td>कार्यालयबाट</td><td>प्र.प्र.अ.</td><td>जेठ मसान्त</td></tr>
<tr><td>२</td><td>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण</td><td>श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति</td><td>अध्यक्ष</td><td>जेठ ३०</td></tr>
<tr><td></td><td>आगामी आ.व.को राजस्व ( आन्तरिक स्रोत, राजस्व बाँडफाँट, रोयल्टी, अनुदान र ऋण) को प्रक्षेपण र अनुमान तयार गर्ने</td><td>राजस्व परामर्श र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति</td><td>उपाध्यक्ष</td><td>जेठ २९</td></tr>
<tr><td>३</td><td>वस्ती स्तरमा योजना छनौट</td><td>वडा समिति</td><td>वडा अध्यक्ष</td><td>असार ४ सम्म</td></tr>
<tr><td>४</td><td>वडा स्तरमा प्राथमिकता निर्धारण तथा छनौट</td><td>वडा समिति</td><td>वडा अध्यक्ष</td><td>असार ५ सम्म</td></tr>
<tr><td>५</td><td>बजेट तथा कार्यक्रम तर्जुमा</td><td>बजेट तथा कार्यक्रम तर्जुमा समिति</td><td>उपाध्यक्ष</td><td>असार ९</td></tr>
<tr><td>६</td><td>कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति</td><td>कार्यपालिका</td><td>अध्यक्ष</td><td>असार ९</td></tr>
<tr><td>७</td><td>गाउँसभामा बजेट पेश तथा कार्यक्रम स्वीकृति</td><td>गाउँसभा</td><td>अध्यक्ष</td><td>असार १०</td></tr>
</table></td></tr>
<tr><td>२</td><td>डकुमेन्ट्री निर्माण वापतको रकम भुक्तानी सम्बन्धमा</td><td>यस महाकुलुङ गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रम अनुसार महाकुलुङ मिडिया प्रा.लि., अनामनगर, काठमाण्डौले तयार गरी कार्यपालिकाको उपस्थितिमा प्रदर्शन भएका देहायका भिडियो डकुमेन्ट्रीको आवश्यक प्रकृया पुरा गरी भुक्तानी गर्न सिफारिस गर्ने निर्णय गरियो ।<br>क) पोम्लालुङ क्षेत्रको वृत्तचित्र निर्माण — रु. ३ लाख ४७ हजार<br>ख) याक तथा चौरी पालन सम्बन्धी वृत्तचित्र निर्माण — २ लाख ९८ हजार</td></tr>
</table>

| | | |
|---|---|---|
| ३ | पर्यटन गुरुयोजना सम्बन्धमा | पर्यटन गुरुयोजना निर्माण भई एडमायर मल्टी सर्भिसेज प्रा.लि. ले पेश गरेको पर्यटन गुरु योजनाको अन्तिम प्रतिवेदन अध्ययन गर्दा व्यापक शाब्दिक तथा व्याकरणात्मक त्रुटी देखिएको, पर्यटन विकास सम्बन्धी कुनै ठोस योजनाको उल्लेख नगरिएको देखिएकोले गुरु योजना निर्माण संस्थालाई थप सुधार गरेपश्चात मात्र भुक्तानी गर्ने गरी हाललाई भुक्तानी नगर्ने निर्णय गरियो । |
| ४ | महाकुलुङ आधारभुत अस्पताल सम्बन्धमा | महाकुलुङ आधारभूत अस्पतालको भवनमा पानी सोसिने, प्लाष्टर उप्किने, कम्पाउण्ड भासिएको लगायतका गुनासा आएकोले गाउँपालिकाबाट उपाध्यक्ष विपना कुलुङको नेतृत्वमा कार्यालयबाट प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुख, स्वास्थ्य शाखा प्रमुख, प्राविधिक (ईन्जिनियर) शाखा प्रमुख लगायत, महाकुलुङ आधारभूत अस्पतालका कर्मचारीहरु सहित स्थलगत अनुगमण गर्दा छतमा प्लाष्टर उप्किएको, पानी सिपेच भईरहेको, अस्पतालको आँगन(कम्पाउण्ड) चर्केको, कार्यालयको छतवाट पानी सरेर भवनभित्र पस्ने, भवनको छतको प्लाष्टरमा झार समेत उम्रेको लगायतका गम्भिर समस्या देखिएकोले सम्बन्धित निर्माण कम्पनीलाई कार्यालयबाट तत्काल पत्र लेखी आवश्यक मर्मत गराउने र कार्यालयमा रहेको जमानत रकम (५% धरौटी रकम) भुक्तानी अर्को निर्णय नभएसम्मको लागि रोक्का राख्ने साथै लापरवाही पूर्ण रुपमा भएको गुणस्तरहीन कार्यको क्षतिपूर्ति सहितको मर्मत सम्भार गर्नको लागि देहायको छानविन समिति गठन गरी आजको मितिले १० दिनभित्र कार्यालमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।<br>संयोजक — पर्खिधन राई (वडा नं. १ अध्यक्ष)<br>सदस्य — प्रदिप राई (वडा नं. २ अध्यक्ष)<br>सदस्य — दौलित कुलुङ (कार्यापालिका सदस्य)<br>सदस्य — ई. नविन आचार्य<br>सदस्य सचिव — हरि प्रसाद आचार्य (स्वास्थ्य शाखा प्रमुख) |
| ५ | भुक्तानी तथा वजेट सम्बन्धमा | महाकुलुङ गाउँपालिकालाई पर्यटन रोयल्टी मार्फत प्राप्त भएको आम्दानी (राजस्व) बाट आगामी गाउँसभाबाट अनुमोदन गरी देहाय वमोजिमको भुक्तानी गर्ने निर्णय गरियो ।<br>१) फुलवाती खोला पक्की पुल निर्माण वापतको भुक्तानी — १३,३७०१३।-<br>२) भुवाखोलाको ह्यूम पाइप व्यवस्थापन — प्राविधिक ल.ई. वमोजिमको रकम<br>३) हेलिप्याडदेखि बुल्तोसुमसम्म सडक स्तरोन्नति — १५,००,०००।००<br>४) पञ्जीकरण वायोमेट्रिक मेसिन खरिद — रु. २०,०००।००<br>५) साविक बुङ गाविसको भवन डिस्मेन्टल तथा व्यवस्थापन खर्च — १८३०००।-<br>६) मुद्धि खोङ्मादिङ मेरा पिक पदमार्ग लागत साझेदारी — ३,००,०००।-<br>७) डोङ्गा थेक्छोक छोलिङ गुम्बाको भ्याट रकम भुक्तानी — ३९,९०,०००।०० |

बैठक नं. १०/२०८१/०८२

| | | |
|---|---|---|
| ६ | कार्यविधि निर्माण सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकामा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीको सेवा सुविधामा समानता र समता कायम गर्ने साथै सबै कर्मचारी तथा शिक्षकको मनोवल उच्च बनाउनेको लागि "महाकुलुङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८२" निर्माण गरी अर्को कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो । |
| ७ | घरभाडा सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकामा विद्युत वितरण गर्ने संस्था सामुदायिक ग्रामीण विद्युतीकरण संस्थाले महाकुलुङ गाउँपालिका वडा नं. २ निवासी नविन कुमार राईको घरमा कार्यालय स्थापना गरिएकोमा उक्त संस्थाले आफ्नो वजेट अभावका कारण घरभाडा भुक्तानी गर्नको लागि कार्यालय स्थापनादेखि २०८२ असार मसान्तसम्मको घरभाडा भुक्तानी महाकुलुङ गाउँपालिकाको कार्यालय संचालन खर्चको शिर्षकबाट गर्न सकिने अवस्था भएमा सम्झौता गरी भुक्तानी गर्ने निर्णय गरियो । |
| ८ | कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा | महाकुलुङ गाउँपालिका वडा नं. ५ मा रिक्त भएको अहेव पदमा कार्यपालिका कार्यालयबाट जनशक्ति व्यवस्थापन गरी पठाइएको निर्णय अनुमोदन गरियो । |
| ९ | वडा नं. ५ को भवनको भुक्तानी सम्बन्धमा | वडा नं. ५ को वडा कार्यालय मर्मत सम्भार वापतको DLP भित्र काम गर्न दिइएको आदेश सम्बन्धित कम्पनीले काम नगरेको हुनाले प्राविधिक ल.ई. अनुसारको भुक्तानी सम्वन्धित ठेकेदारको धरौटी रकम (५%) बाट कट्टी गरी निर्माण कार्य वडाबाट गर्ने निर्णय गरियो । |

